# नेपाल राष्ट्र बैंक
## राष्ट्र ऋण व्यवस्थापन विभाग
### थापाथली, काठमाडौंको
## २०७२ जेठ १४ गते बोलकबोल हुने "विकास ऋणपत्र २०७७क" सम्बन्धी सूचना

नेपाल सरकारको तर्फबाट राष्ट्र **ऋण व्यवस्थापन विभागद्वारा** देहायका विशेषता, प्रक्रिया एवं शर्तहरु सहित "विकास ऋणपत्र २०७७ क" (५ बर्षे) बोलकबोल प्रक्रियाद्वारा निष्कासन गरिने भएको हुँदा खरिद गर्न इच्छुक बैक तथा वित्तीय संस्था, गैर बैक वित्तीय संस्था, संगठित संस्था लगायत नेपाली नागरिकलाई निर्धारित मिति र समयभित्र शिलवन्दी बोलकबोल फाराम पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. विशेषताहरु

| | | | |
|---|---|---|---|
| (क) | ऋणपत्रको नाम | : | "विकास ऋणपत्र २०७७ क" (५ वर्षे) । |
| (ख) | निष्कासन हुने रकम | : | रु.५०० करोड (पाँचसय करोड रुपैयाँ मात्र) । |
| (ग) | व्याज दर (Coupon Rate) | : | बोलकबोलको माध्यमबाट बजारद्वारा निर्धारण हुने । |
| (घ) | खरिदकर्ता | : | बैक तथा वित्तीय संस्था, गैर बैंक वित्तीय संस्था, संगठित संस्था लगायत नेपाली नागरिक । |
| (ङ) | धितो सम्बन्धी सुविधा | : | यो ऋणपत्र धितो राखी कर्जा लिन/दिन पाइने । |

२. बोलकबोल, निष्कासन, सांवा तथा ब्याज भुक्तानी

| | | | |
|---|---|---|---|
| (क) | वोलकबोल हुने मिति र समय | : | २०७२ जेठ १४ गतेका दिन अपरान्ह ३.०० बजेसम्म । दिउसो ३.०० वजे देखि ४.०० वजे सम्म URL http://obss.nrb.org.np मा गई online bidding system software मार्फत पनि म्यानुअलि पेश गरेको बोलपत्र फाराममा उल्लेख गरे बमोजिम नै वोलकवोल गर्नु पर्ने । |
| (ख) | बोलपत्र पेश गर्नु पर्ने स्थान | : | नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग, थापाथली वा यस बैंकका उपत्यका बाहिरका कार्यालयहरु । |
| (ग) | निष्कासन | : | २०७२ जेठ १७ गते । |
| (घ) | साँवा भुक्तानी | : | २०७७ जेठ १७ गते । |
| (ङ) | व्याज भुक्तानी | : | अर्द्धवार्षिक रुपमा हुने र आर्जित व्याजमा व्याजकर लाग्ने । |

३. प्राथमिक निष्कासन प्रक्रिया

| | | | |
|---|---|---|---|
| (क) | निष्कासन प्रक्रिया | : | बोलकबोल । |
| (ख) | प्रतिस्पर्धी र अप्रतिस्पर्धी | : | प्रतिस्पर्धी र अप्रतिस्पर्धी बोलवालालाई क्रमश: निष्कासित रकमको ८० र २० प्रतिशत अर्थात रु.४०० करोड र १०० करोड छुट्याइएको । अप्रतिस्पर्धी बोलवालालाई छुट्याइएको रकमको लागि पुरा वोलपत्र प्राप्त नभएमा बाँकी हुन आउने रकम प्रतिस्पर्धी बोलवालालाई बिक्री गरिने । अप्रतिस्पर्धी बोलवालालाई छुट्याइएको रकमभन्दा बढी रकमको बोलपत्र प्राप्त हुन आएमा समानुपातिक रुपमा बाँडफाँड गरिने । |
| (ग) | बांडफांड | : | बोलपत्र फाराममा वोलपत्रदाताले कबोल गरेको व्याजदरलाई सानोदेखि ठुलो क्रममा मिलाएर राखी निष्कासित रकमसम्ममा कायम भएको Cut-Off व्याजदरलाई एकल व्याजदर कायम गरी सोही एकल व्याजदरमा उक्त व्याजदर भन्दा मुनीका सबै वोलवालाई ऋणपत्र उपलब्ध गराईने । |

४. शर्तहरु

| | | | |
|---|---|---|---|
| (क) | खरिद गर्न पाउने सीमा | : | घटिमा रु.पचास हजार र वढीमा कुल निष्कासित रकमको सीमामा नवढाई पचास हजारले भाग गर्दा नि:शेष भाग जाने अंकमा । |
| (ख) | फाराम: (प्रतिस्पर्धी र अप्रतिस्पर्धी दुवैले) | | यस बैंकको वेवसाइट www.nrb.org.np अन्तर्गत Public Debt भित्र Application Forms मा रहेको विकास ऋणपत्रको बोलकवोल फाराम डाउनलोड गरि प्रयोग गर्नुपर्ने । |

(ग) यो ऋणपत्र खरीदका लागि व्यक्ति तथा संस्थाले बोलकबोल प्रक्रिया अन्तर्गत प्रतिस्पर्धी वा अप्रतिस्पर्धी कुनै एक बोलवालाको रुपमा मात्र भाग लिन सक्नेछन् । यस बैंकबाट इजाजत प्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाले अप्रतिस्पर्धीको रुपमा भाग लिन पाउने छैनन् ।

(घ) प्रतिस्पर्धी बोलवालाले बोलपत्र फाराममा खरिद गर्न चाहेको रकम र कबोल गरेको व्याजदर (दशमलव पछाडी दुई अंकसम्म मात्र) खुलाउनु पर्नेछ । रकम र व्याजदर अक्षरमा पनि उल्लेख गर्नु पर्नेछ । ईच्छुक बोलवालाले बहु व्याजदरमा समेत बोलपत्र पेश गर्न सक्नेछन् ।

(ङ) अप्रतिस्पर्धी बोलवालाले बोलकवोल फाराममा खरिद गर्न चाहेको रकममात्र उल्लेख गर्नु पर्नेछ । प्रतिस्पर्धी बोलकबोलवाट निर्धारित व्याजदरमा अप्रतिस्पर्धी बोलवालालाई उक्त ऋणपत्र विक्रि गरिनेछ ।

(च) नेपाल राष्ट्र बैंकमा खाता नभएका बोलवालाहरुले आफूले खरिद गर्न चाहेको रकमको २.५० प्रतिशतले हुने अर्नेष्टमनि वापतको रकम यस बैंकको बैंकिङ्ग कार्यालय वा यस बैंकका उपत्यका बाहिरका कार्यालयमा रहेको खाता नं.१२००००० -०१५-१११-५२४ (Bond Application A/C) मा जम्मा गरेको सक्कल भौचर बोलकवोल फारामसाथ पेश गर्नु पर्नेछ ।

(छ) नेपाल राष्ट्र बैंकमा खाता भएका बोलवालाहरुले उक्त अर्नेष्टमनी वापतको रकम आ-आफ्नो खातामा मौज्दात कायम गर्नुपर्नेछ ।

(ज) व्यक्ति बोलवाला भएको खण्डमा बोलपत्र फाराम साथ उपरोक्त खातामा अर्नेष्टमनी जम्मा गरेको सक्कल भौचर र नागरिकता प्रमाणपत्रको छविचित्र समेत पेश गर्नुपर्नेछ ।

(झ) यस बैकमा खाता नहुने स्वीकृत बोलवालाले निष्कासन मिति २०७२ जेठ १७ गते दिनको १२:०० बजेभित्र यस बैकको बैकिङ कार्यालय र उपत्यका बाहिरका यस बैकका कार्यालयमा रहेको खाता नं.१२००००० -०१५-१११-५२४ (Bond Application A/C) मा बांकि रकम जम्मा गरेको भौचर यस विभागमा पेश गरी सक्नु पर्नेछ । उक्त समयभित्र आवश्यक रकम दाखिला नगरेमा अर्नेष्टमनी बापतको रकम जफत हुनेछ ।

(ञ) अस्वीकृत बोलवालाहरुको अर्नेष्टमनी वापतको रकम यस सम्बन्धी निर्णय भएको मितिले ७ दिनभित्र बिना ब्याज फिर्ता हुनेछ ।

(ट) प्राप्त बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस बैंकको खुला बजार संचालन समितिलाई हुनेछ ।

(ठ) यस ऋणपत्रको दोस्रो बजार कारोवार नेपाल स्टक एक्सचेञ्ज लिमिटेड मार्फत मात्र हुनेछ ।

(ड) अन्य थप जानकारीको लागि यस विभागको फोन नं.०१४१०७३९ मा सम्पर्क राख्न अनुरोध छ । यो सूचना बैंकको वेवसाइट www.nrb.org.np मा समेत उपलब्ध छ ।